# सार्वजनिक सेवा प्रसारण नेपाल

(रेडियो नेपाल)

सिंहदरवार, काठमाडौं ।

**मुलुकको अग्रणी प्रसारण संस्था ।**

प्रजातन्त्रको संखघोष गर्दे वि.सं. २००७ चैत्र २० गतेस्थापना भएको नेपालकै अग्रणी प्रसारण संस्था रेडियो नेपाल आजदेखि ७५ औं वर्ष पूरा गरी ७६ औं वर्षमा प्रवेश गरेको छ । यस सुखद क्षणमा हामीलाई हाम्रो जिम्मेवारी र गरीमा वोधका साथ यो अवस्थासम्म ल्याई पुऱ्याउन साथ, सहयोग दिनुहुने आदरणीय श्रोता,आदरणीय अग्रजहरु, नेपाल सरकार र विभिन्न मन्त्रालयहरू, विभागहरू, सरकारी तथा गैरसरकारी कार्यालयहरू र निजी संघसंस्थाहरू, विज्ञापन एजेन्सी एवम् विज्ञापनदातासहित सम्पूर्ण शुभेच्छुकहरूप्रति हृदयतः आभार प्रकट गर्दछु ।

समय र प्रविधिको विकास र विस्तारसँगै विश्वमा सन् १९२० को दशकदेखि सुरु भएको सार्वजनिक सेवा प्रसारण (Public Service Broadcasting) को अभ्यास नेपालमा सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ जारी भएपश्चात रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकृत गरी वि.सं. २०८१ साल कार्तिक २३ गतेदेखि कार्यान्वयमा आइएको सर्वविदितै छ । सार्वजनिक सेवा प्रसारणमा रुपान्तरण भएसंगै “राष्ट्रिय रेडियो राष्ट्रको सञ्चार” रेडियो नेपालले पनि आफ्नो समाचार कार्यक्रम र प्रसारण प्रविधिमा परिमार्जन गर्दै नागरिकलाई केन्द्रमा राखेर राष्ट्रिय एकता, समृद्धि र विपदको सवाललाई आफ्नो प्रसारणको मुख्य मार्ग निर्देशन Road Map बनाएको छ । यसबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा राष्ट्र निमार्णमा सहयोग पुग्नेछ भन्ने हाम्रो विश्वास छ ।

आधुनिक नेपालको समावेशी आवाज” को मूल नारासँगै सार्वजनिक सेवा प्रसारण हुनुको जिम्मेवारी र दायित्व बोधकासाथ रेडियो नेपालले पूर्व मेचीदेखि पश्चिम महाकालीका विकटदेखि निकटसम्मका नागरिकलाई केन्द्रमा राखेर भरपर्दो र विश्वसनीय प्रसारण सेवा दिन सकेको छ भन्न पाउँदा सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल परिवार गर्व अनुभूति गर्दछ । यसै पेरीफेरीमा सार्वजनिक सेवा प्रसारण नेपाल रेडियो नेपालले २०८२ साल वैशाखदेखि हालसम्मे गरेको मुख्य मुख्य उपलब्धिहरूको संक्षिप्त चर्चा गर्दैछु ।

## यस वर्ष रेडियो नेपालबाट भएका मुख्य-मुख्य उपलब्धिहरुः

**समाचार/कार्यक्रमतर्फ :** सार्वजनिक सेवा प्रसारणको विश्वव्यापी मान्यतालाई शिरोपर गर्दै पिएसबी नेपालले अंगिकार गरेका राष्ट्रिय एकता, समृद्धि र विपद विशेष समाचार सामग्री उत्पादन र प्रसारण गरिरहेको छ । यसन्दर्भमा हाल २६ भाषामा समाचार र २५ भाषामा कार्यक्रम प्रसारण गरिरहेको छ । नागरिकलाई केन्द्रमा राखेर नागरिकको रोजाइनै प्रसारण संस्थाको मूल विषयवस्तु हो भन्ने भावनालाई आत्मसाथ गर्दै विविसी मिडिया यक्सनसंगको सहकार्यमा जनचेतनामूलक डिजिटल कन्टेन्ट उत्पादन गरिएको छ । यसै सन्दर्भमा कर्णाली प्रदेशको जुम्ला, कालिकोट, मुगु, लुम्बिनी प्रदेशको बाँके, कोशी प्रदेशको पाँचथर, तेह्रथुम, धनकुटा र इलाम लगायतको जिल्लाहरूमा स्थलगत रिपोर्टिङमा आधारित नागरिक बहस कार्यक्रम सम्पन्न गरी कार्यक्रम प्रसारण गरिएको छ। त्यसैगरी सोलुखुम्बु, ओखलढुंगा, खोटाङ्ग र उदयपुर जिल्लामा कर्मचारी खटाई नागरिकका जनजिविकासंग जोडिएका सवालहरूलाई मूल प्रवाहीकरण गर्ने गरी सामग्री उत्पादन र प्रसारणको कार्य भइरहेको छ। सार्वजनिक सेवा प्रसारण रेडियो नेपालका समाचार र कार्यक्रमलाई विविधता, विशिष्टता, पहुँच, प्रभाव र प्रबर्दन गर्न सरोकारवालासङ्ग १ दिने रुपान्तरण बहस सम्पन्न गरी प्राप्त सुझावहरूलाई सामग्री उत्पादन र प्रसारणमा समेटिएको छ । समाचारतर्फ हालसम्म ६,७८६ वटा समाचार बुलेटिन कार्यक्रम उत्पादन तर्फ हालसम्म १,५४५ वटा कार्यक्रम उत्पादन भइ प्रसारण भएको छ । विगत वर्षदेखिका कला, साहित्य, भाषा, संस्कृति, ज्येष्ठ नागरिक, बालबालिकाका कार्यक्रमहरूले पनि निरन्तरता पाइरहेकै छन् । यी र यस्तै कार्यक्रमहरूले सबै वर्ग, क्षेत्र, लिङ्ग, भूगोल आदिको इच्छा, आवश्यकता र चाहनालाई सार्वजनिक सेवा प्रसारण, रेडियो नेपालले सम्बोधन गरिरहेको छ भन्ने हाम्रो विश्वास हो । यसैगरी, रेडियो नेपालका सात वटै प्रदेशमा रहेका प्रादेशिक प्रसारण कार्यालय/केन्द्रबाट दिउँसो २:१५ देखि बेलुकी ६:०० बजेसम्म उत्पादन/ प्रसारण हुने प्रादेशिक समाचार/कार्यक्रमहरूले पनि प्रादेशिक र स्थानीय जनसरोकारका मुद्दाहरूलाई प्राथमिकताकासाथ उठाइरहेको छ भन्ने हाम्रो विश्वास छ ।

विगत वर्षहरुदेखि नै रेडियो नेपालले प्रयास गर्दै आएको Digitization of Audio Content and Archive System, OTT App हाल सञ्चालनमा छ, जसले गर्दा रेडियो नेपालमा रहेका गीत सङ्गीत, साहित्य र अन्य श्रव्य सामग्रीहरुको संरक्षण तथा सम्बर्द्धन हुने साथै OTT App मार्फत बजारीकरण गर्ने कार्य पनि भइरहेको छ। हालसम्म १४,९०० वटा अडियो कन्टेन्टलाई Archive Systemमा डिजिटाइज्ड गरिएको छ ।

गीत सङ्गीतको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले रेडियो नेपालले विगत वर्षहरुमा झैं यस वर्ष पनि शास्त्रीय संगीत सम्मेलन सम्पन्न गरेको छ । जसबाट शास्त्रीय गीत सङ्गीतप्रति

चाख राख्ने अग्रजलाई सम्मान र नवप्रतिभाहरुलाई प्रोत्साहन मिल्नुका साथै गीत सङ्गीतको श्रीबृद्धिमासमेत मद्धत पुगेको हाम्रो विश्वास छ ।

**सार्वजनिक सेवा प्रसारण, रेडियो नेपालबाट संचालन गरिएका थप कार्यक्रम**

१. हाम्रो सभ्यता
२. नागरिक शिक्षा
३. खेल संसार
४. सुरसप्तक
५.हामोइ दनुवार (दनुवार भाषाको कार्यक्रम)
६. खस भाषाको कार्यक्रम

**प्राविधिक/इन्जिनियरिङ पक्ष :** सर्वाजनिक सेवा प्रसारण, रेडियो नेपालले आफ्नो प्रसारण भूसतही र डिजिटल दुबै प्रविधिमार्फत् सञ्चालन गरिरहेको छ । पहुँच/उपलब्धता अनुरुप रेडियो नेपाल, नेपालभित्र र बाहिर पनि सुन्न सकिन्छ । भुसतह माध्यममा ३ वटा मिडियम वेभ, ३६ वटा एफ.एम. स्टेशनहरुमार्फत रेडियो नेपालको प्रसारण सेवा उपलब्ध छ । भने डिजिटल प्लेटफर्ममा www.radionepal.gov.np र www.radionepalonline.com, न्युज पोर्टल) तथा सामाजिक सञ्जालहरू ( फेसबुक पेज, टिकटक) मार्फत् २४ सै घण्टा रेडियो नेपाल सुन्न, पढ्न र हेर्न सकिन्छ । यसै वर्ष गोरखा जिल्लामा एफएम स्टेशन स्थापना भई प्रसारण सुरु गरिएको छ भने बर्दिबास, भेडेटार,दोलखा र रुकुमपश्चिम एफ.एम.को प्रसारण एन्टेना मर्मत सम्भार गरिएको छ । १६ औं योजनाको मर्म र भावना अनुसार रेडियो प्रसारणको पहुँच शत प्रतिशत भू-भागमा पुऱ्याउन आवश्यक तयारी भैरहेको छ । प्रसारण कार्यालय, केन्द्र र रिलेकेन्द्रहरू सुदृढिकरण गर्न उपकरणहरु, डिजिटल स्टुडियो स्थापना गर्न, एकस्टिकसहितको स्टुडियो, स्टुडियोसहित Connectivity Link, Transmitter तथा Anteena System, खरिद गर्ने कार्य प्रक्रियामा रहेको छ ।

**प्रशासन/बृत्ति विकास तर्फः** डिजिटल गभर्नेन्सको अवधारणालाई आत्मसात् गर्दै सार्वजनिक सेवा प्रसारण नेपालको हीरक महोत्सवको अवसरमा PSB Nepal को Mobile App सञ्चालनमा आइसकेको जानकारी गराउँदछु । यसैगरी सार्वजनिक सेवा प्रसारण नेपालको नयाँ लोगो सम्माननीय राष्ट्रपती रामचन्द्र पौडेलज्यूबाट सार्वजनिकिकरण भैसकेको अवगत नै छ । सार्वजनिक सेवा प्रसारण नेपालको कर्मचारी सेवा शर्त विनियमावली र आर्थिक विनियमावलीको मस्यौदा तयार गरी सञ्चालक समितिबाट स्वीकृत भई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गरिएको छ । रेडियो नेपालमा कार्यरत जनशक्ति/मानव संसाधन संस्थाका आधारशिला हुन् भन्ने यथार्थलाई ध्यानमा राखी विगत कर्मचारीहरुको वृत्ति विकास अन्तर्गतको एउटा पाटो कर्मचारी बढुवासम्पन्न भई आन्तरिक र खुला तर्फको पदपूर्तिको लिखित परीक्षा सम्पन्न भई पूर्ति हुने क्रममा रहेको छ । समावेशी समाचार र कार्यक्रम

उत्पादन र प्रसारणका लागि खस भाषाको जनशक्ति १-जना र शेर्पा भाषाको जनशक्ति १-जना शिफ्ट वेसिसमा नियुक्ति गरी राष्ट्रभाषाको समाचार उत्पादन/ प्रसारणमा जनशक्तिपूर्ति गरिएको छ ।

सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालले आफ्नो जनशक्तिको क्षमता अभिवृद्धि गरी प्रसारणमा प्रभावकारिता ल्याउन स्थानीय संवाददाता र समाचार/कार्यक्रममा आवद्ध जनशक्ति सम्मिलित निर्वाचन आचार संहिता तथा निर्वाचन विशेष रिपोर्टिङ सम्बन्धमा तालिम तथा प्रशिक्षण गरिएको छ । यस्तै खरिद कार्यमा संलग्न (रेडियो नेपाल र नेपाल टेलिभिजनका ) कर्मचारीहरुलाई Public Procurement and Its Practices विषयक तालिम ४० जनालाई (भौतिक उपस्थितिमा) उपलब्ध गराएको छ भने विगत वर्षहरुमा झैं नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज)बाट प्राप्त Advanced Course on Management and Development -ACMD_ तालिम एक जनालाई र Professional Course on Management and Development तालिम तीन जनालाई उपलब्ध गराएको छ। यस्तै , केन्द्रिय कार्यालय सिंहदरवारमा वागमती प्रदेशअन्तर्गत समाचार र कार्यक्रममा कार्यरत कर्मचारी र स्थानीय सम्वाददाताहरुको लागि समावेशी प्रसारण सामग्री उत्पादन तथा प्रसारण सम्वन्धी २ दिने तालिम, मधेश प्रदेशमा कार्यरत कार्यक्रम र समाचार अन्तर्गतका कर्मचारीहरू तथा कोशी प्रदेशका स्थानीय सम्वाददाताहरुलाई समावेशी प्रसारण उत्पादन तथा प्रसारणसम्वन्धी २ दिने तालिम, तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम, विराटनगरमा सम्पन्न गरिएको छ। यस्तै सुनसरीको इटहरीमा मौसम तथा विपद ब्यवस्थापन सम्वन्धि २ दिने कार्यशाला गोष्ठी कोशी र मधेश प्रदेशमा कार्यरत समाचार/कार्यक्रम उत्पादक/ प्रस्तोतालाई प्रदान गरिएको छ भने सार्वजनिक सेवा प्रसारणको सुदृढिकरण कोशी प्रदेश सरकारसङ्ग सम्वाद र सहकार्य विषयक अन्तर्क्रिया कार्यक्रम तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम, विराटनगरमा सम्पन्न गरिएको छ ।

सार्वजनिक सेवा प्रसारण रेडियो नेपालमा कार्यरत समाचार र कार्यक्रमतर्फका कर्मचारीहरुलाई मौसम तथा विपद सञ्चारसम्वन्धी काठमाडौंमा ३ दिने र बाँकेको कोहलपुरमा २ दिने तालिम कार्यशाला सम्पन्न गरी कार्यरत कर्मचारीको क्षमता र दक्षता अभिबृद्धि गर्न कार्य गरिएको छ ।

**आर्थिक प्रशासन/ व्यापारतर्फः** आर्थिक प्रणालीलाई स्वच्छ, पारदर्शी र प्रविधिमैत्री बनाउन अर्थ मन्त्रालयको परिपत्र अनुसार E–Payment System का लागि एभरेष्ट बैंकसंग अभिमुखिकरण लिई कार्यान्वयनमा लगिएको छ। रेडियो नेपालमा कार्यरत र सेवानिबृत्त कर्मचारीहरूलाई निबृत्तिभरण ब्यवस्थापन गर्न विमाङ्कीय मूल्याङ्कनमार्फत संचयकोषको प्रतिवेदन प्राप्त भई सञ्चालक समिति हुँदै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गरिएको छ । आ.ब.२०८१।८२ को अन्तिम लेखा परीक्षण महालेखा परीक्षक कार्यालयबाट सम्पन्न भईसकेको छ। कर्मचारीको सामाजिक सुरक्षा एवम् सरकारको नीतिलाई मूर्तरूप दिन

समाजिक सुरक्षा कोष र सार्वजनिक सेवा प्रसारण, रेडियो नेपालबीच सामाजिक सुरक्षा कोषमा आवद्धता सम्वन्धमा MOU र संस्था दर्ताको कार्य सम्पन्न भएको छ । रेडियो नेपाललाई आत्मनिर्भर र व्यवसायिक बनाउन विगत वर्षहरुदेखि नै ब्यवस्थापन क्रियाशील छ । जसले आय आर्जनलाई बढाउन व्यापार निर्देशिकाको आधारमा विभिन्न संघसंस्था, सरकारी तथा गैर सरकारी कार्यालयहरुसँग सम्पर्क गरी विज्ञापन, कार्यक्रम तथा सन्देशहरूको सम्झौता गर्ने क्रममा केन्द्रीय प्रसारण र प्रादेशिक प्रसारण कार्यालयहरुबाट विभिन्न निकाय, संघ, संस्थाहरुसंग कार्यक्रम, सूचना, विज्ञापन प्रसारण र उत्पादन भएका छन ।
विगत वर्षहरुदेखि प्रदान गर्दै आएको दीर्घ सेवा पदक यो वर्ष २ जना स्थायी कर्मचारीले प्राप्त गर्नुभएको छ । यसले रेडियो नेपालको सेवामा समर्पित हुँदै २५ वर्षे सेवा गरीसक्नुभएका कर्मचारीलाई थप हौसला प्राप्त हुने विश्वास गरिएको छ। उत्कृष्ट कर्मचारी सम्मान र उत्कृष्ट रेडियो स्टेशन सम्मान यो वर्ष पनि कायम छ। यसबाट संस्थामा उत्कृष्ट कार्य सम्पादन गर्न प्रेरित हुने वातावरण श्रृजना हुने विश्वास छ ।
२०७४ सालदेखि आरम्भ भएको रेडियो नेपाल श्रष्टा सम्मान कार्यक्रम अन्तर्गत यस वर्ष पनि २ जना श्रष्टालाई ताम्रपत्रसहित जनही रु. ५१००१/- का दरले सम्मान रकम दिने निर्णय भएको व्यहोरा पनि जानकारी गराउँदछु । यस कार्यले नेपाली गीत सङ्गीत क्षेत्रमा र रेडियो प्रसारणको क्षेत्रमा अमूल्य योगदान दिनुहुने र रेडियो नेपालको ख्याती वृद्धिमा सहयोग पुऱ्याउनुका साथै व्यक्तित्वको कदर हुने र समग्र प्रसारण क्षेत्रको गरिमा उँचो भएको छ भन्ने रेडियो नेपालको विश्वास छ ।

**अन्तमा,**

रेडियो नेपाल र नेपाल टेलिभिजन सार्वजनिक सेवा प्रसारणमा रुपान्तरण भएपश्चात गुणस्तरीय, विश्वसनीय तथा प्रभावकारी विषयवस्तुसहित जनउत्तरदायी सार्वजनिक सेवा प्रसारण संस्थाको रुपमा सार्वजनिक सेवा प्रसारण नेपाल सञ्चालन भइरहेको छ। ऐतिहासिक महत्व बोकेको तथा सूचना, समाचार र मनोरञ्जनको पर्यायवाची रेडियो नेपाललाई सबै सरोकारवाला, कलाकार, बुद्धिजीवी, राजनीतिज्ञ तथा आम रेडियोप्रेमीहरूबाट आवश्यक सहयोग प्राप्त भइरहने विश्वास लिएको छु । आगामी दिनहरूमा पनि सार्वजनिक सेवा प्रसारणको अन्तर्राष्ट्रिय मूल्य मान्यता अनुरुप सार्वजनिक सेवा प्रसारण नेपालले अंगिकार गरेको नागरिक केन्द्रीत प्रसारण, विपत्, राष्ट्रिय एकता र समृद्धिको लक्ष्यसहित रेडियो नेपालको प्रसारण पहुँचलाई अझ वृद्धि गर्दै प्रसारण सामग्रीहरूलाई थप स्तरीय, जिम्मेवार र समाज उपयोगी बनाउँदै सार्थक सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल बनाउनेतर्फ कटिवद्ध भएर लागिपर्ने प्रतिवद्धता प्रकट गर्दछु, धन्यवाद ।